annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ५८ पृष्ठ ८ | काठमाडौं, बिहीबार १२ असार २०८२ | आषाढ शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | THURSDAY, JUNE 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## बीपी राजमार्ग : हिउँदभरि बेवास्ता, बर्खामा बल्ल ठेक्का

पूर्वी नेपाललाई संघीय राजधानी काठमाडौंसँग छोटो र सहज रूपमा जोड्ने लाइफलाइन हो– बीपी राजमार्ग । रणनीतिक महत्वको यो राजमार्ग गत असोज ११ र १२ गतेको भारी वर्षाले क्षतविक्षत भयो । ९ महिनासम्म यसको पुनर्निर्माणमा अलमल भयो । बल्ल ठेक्का प्रक्रिया अघि बढेकाले बर्खामा यो राजमार्गको अवस्था के होला भनेर सर्वसाधारण, व्यवसायी र स्थानीय त्रसित छन् ।

राजन गाउँले | *सिन्धुली*

– को रिपोर्ट

समाचार पृष्ठ २

## नयाँ हवाई नीतिको प्रारम्भिक मस्यौदा

**सुनिता कार्की** | *काठमाडौं*

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राष्ट्रिय हवाई नीति २०८२ को प्रारम्भिक मस्यौदा सार्वजनिक गरेको छ। करिब १९ वर्ष पुरानो (२०६३ सालमा बनेको) हवाई नीतिको खारेजी गर्दै हालको परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, प्रविधिको विकास, संघीय शासन प्रणाली र नागरिक उड्डयन क्षेत्रमा देखिएका अवसर तथा चुनौतीहरूलाई समेट्दै तयार गरिएको बताइएको छ।

नेपाल सरकारले वि.सं. २०५० सालमा राष्ट्रिय हवाई नीति, २०५० जारी गर्दै हवाई यातायातको क्षेत्रमा निजी लगानीलाई खुला गरी हवाई सेवामा उदारीकरणको सुरुवात गरेको थियो। फलस्वरूप, निजी वायुसेवा लगायतका सेवा प्रदायकहरूको स्थापना र सञ्चालनले हवाई सेवा प्रतिस्पर्धी, सर्वसुलभ एवं भरपर्दो बनेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ जारी भई नागरिक उड्डयनको नियमन तथा विमानस्थल एवं एयर नेभिगेसन सेवा प्रदान गर्न स्वायत्त संस्था नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना भएको थियो। तत्पश्चात्, हवाई यातायात क्षेत्रमा देखा परेका नयाँ आयामहरूलाई समेट्दै नेपाल सरकारबाट हवाई नीति, २०६३ जारी भएको थियो।

यस नीतिले उदार आकाशलाई निरन्तरता दिँदै खुला आकाश नीतितर्फ उन्मुख हुन मार्गदर्शन गरेको थियो। हाल नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सले विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यमा उडान गर्दै आएका छन् भने नेपालको नागरिक उड्डयन क्षेत्र ७ दशक लामो इतिहास बोकेको भए पनि यसबीचमा नीति र कार्यान्वयनको बीचमा रहेको असन्तुलन, पूरक पूर्वाधारको अभाव, अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको सुरक्षा सुधारको कमजोरी र आन्तरिक तथा बाह्य लगानीको न्यून प्रवाहले क्षेत्रमा तीव्र सुधार ल्याउन कठिन भइरहेको अवस्था छ।

» बाँकी पृष्ठ ६

## नेपालसँग मागियो ३५ लाख धरौटी

### हदबन्दी छुटको जग्गा हिनामिना प्रकरण

**दिनेश गौतम** | *काठमाडौं*

विशेष अदालतले पतञ्जली जग्गा हिनामिना गरी भ्रष्टाचार गरेको अभियोगमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई ३५ लाख धरौटीमा छोड्ने आदेश गरेको छ।

विशेष अदालतका न्यायाधीशहरू तेजनारायण सिंह राई, रामबहादुर थापा र विदुर कोइरालाको इजलासले नेपाललाई धरौटीमा छोड्ने आदेश गरेको हो। गत जेठ २२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी, नेपाललाई हदबन्दी छुटका जग्गा बेचबिखन र सट्टापट्टा गर्न दिने निर्णय गरी भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन प्रधानमन्त्री नेपालसहित



९३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो। 'सो कम्पनीलाई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्ने र खरिद जुन प्रयोजनका लागि गरिएको हो त्यसमा प्रयोग नगर्दै अन्य व्यक्ति विशेषलाई बिक्री वितरण गर्न पाउने गरी प्रतिवादी तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले गरेका निर्णयहरू विशुद्ध नीतिगत निर्णयको परिधिमा पर्ने वा होइन भन्ने विषयमा मुद्दाको अन्तिम निर्णय हुँदा निरुपण हुने हुनाले प्रतिवादी माधवकुमार नेपालले अख्तियार समक्ष र आज विशेष अदालत समक्ष गरेको बयान, उजुरी व्यहोरा, मन्त्रिपरिषद्को निर्णय समेतका आधारमा पतञ्जलीले हदबन्दीभन्दा बढी जग्गा खरिद गरेकोमा जुन प्रयोजनका लागि हदबन्दी छुट दिने निर्णय भएको हो।

सो प्रयोजनमा उपयोग नगरि उक्त जग्गा बिक्री वितरण गर्ने अनुमति भएअनुसार नै सो जग्गा तहतह कित्ताकाट गरी बिक्री वितरण गरेको देखिएको साथै त्रिलोचन उप्रेती र मीनेन्द्र रिजाल समेतले अनुसन्धानका क्रममा गरेको बयान कागज समेतका तत्काल प्राप्त प्रमाण र उल्लेखित तथ्यहरूमा प्रभावित माधवकुमार नेपालका हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड 'घ' को अवस्था विद्यमान देखिन आयो,' आदेशमा भनिएको छ, 'तसर्थपछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी माधवकुमार नेपालको तत्कालीन पदीय हैसियत र भूमिका समेतलाई मध्यनजर गरी प्रस्तुत मुद्दाको पुर्पक्षका लागि नगदै ३५ लाख रुपैयाँ वा सो बराबरको बैंक जमानत लिई तारिखमा राख्नू।

» बाँकी पृष्ठ ८

